नेपाल नागरिक उड्डयन प्राधिकरण

# नागरिक उडड्यन सुरक्षा नियमावली, २०७३

नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय : बबरमहल, काठमाडौं
कात्तिक २२, २०७३ साल
(पहिलो संशोधन- २०७६/५/१)

प्रकाशकः
नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय
बबरमहल, काठमाडौं ।

# विषय सूची

**परिच्छेद–१**

**प्रारम्भिक**

| | | |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ : | १ |
| २. | परिभाषा : | १ |

**परिच्छेद – २**

**समितिको गठन तथा काम, कर्तव्य र अधिकार**

| | | |
|---|---|---|
| ३. | समितिको गठन : | ४ |
| ४. | समितिको बैठक सम्बन्धी कार्यविधि : | ४ |
| ५. | समितिको काम, कर्तव्य र अधिकार : | ५ |

**परिच्छेद–३**

**राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्था**

| | | |
|---|---|---|
| ६. | राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम बनाई लागू गर्ने : | ६ |
| ७. | नागरिक उड्डयन सुरक्षा अधिकारीको रूपमा काम गर्ने : | ७ |
| ८. | नागरिक उड्डयन सुरक्षा अधिकारीको काम, कर्तव्य र अधिकार : | ८ |

**परिच्छेद–४**

**विमानस्थल सुरक्षा सम्बन्धी व्यवस्था**

| | | |
|---|---|---|
| ९. | विमानस्थल सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्था : | १० |
| १० . | विमानस्थल सुरक्षा समिति : | १० |
| ११. | विमानस्थल सुरक्षा समितिको बैठक : | १२ |
| १२. | विमानस्थल सुरक्षा समितिको काम, कर्तव्य र अधिकार : | १३ |
| १३. | विमानस्थल सुरक्षा अधिकारी तोक्ने : | १४ |
| १४. | विमानस्थल सुरक्षा अधिकारीको काम, कर्तव्य र अधिकार : | १४ |

**परिच्छेद–५**

**वायुसेवा सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्था**

| | | |
|---|---|---|
| १५. | वायुसेवा सुरक्षा कार्यक्रम बनाई लागू गर्नु पर्ने : | १७ |
| १६. | वायुसेवा सञ्चालन सुरक्षा अधिकारी सम्बन्धी व्यवस्था : | १७ |

## परिच्छेद–६
## नागरिक उड्डयन सुरक्षाको गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था


१७. नागरिक उड्डयन सुरक्षा गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था : १८
१८. कर्मचारीको चाल चलनको बारेमा जानकारी लिनु पर्ने : १८
१९. तालीम प्राप्त कर्मचारीलाई काममा लगाउने : १९
२०. नागरिक उड्डयन सुरक्षा गुणस्तर सम्बन्धी अन्य व्यवस्था : १९


## परिच्छेद–७
## व्यक्ति तथा सामानको सुरक्षा जाँच सम्बन्धी व्यवस्था


२१. अनधिकृत प्रवेश नियन्त्रण गर्ने : २०
२२. वायुयानको सुरक्षा सम्बन्धी व्यवस्था : २०
२३. यात्रु, व्यक्ति वा सामानको सुरक्षा जाँच गर्ने : २१
२४. ट्रान्जिटमा रहेका यात्रुको लागि छुट्टै कक्षको व्यवस्था गर्ने : २१
२५. होल्ड व्यागेजको खानतलासी लिने : २१
२६. होल्ड व्यागेज ढुवानी सम्बन्धी व्यवस्था : २२
२७. अनआइडन्टीफाइड व्यागेज सम्बन्धी व्यवस्था : २२
२८. अनक्लेम्ड व्यागेज सम्बन्धी व्यवस्था : २३
२९. रेगुलेटेड एजेन्ट मार्फत कार्गो सामान स्वीकार गर्ने व्यवस्था मिलाउने : २३
३०. कार्गो, हुलाक वस्तु तथा अन्य सामानको सुरक्षा जाँच गर्ने : २४
३१. वायुयान क्याटरिङ सेवा उपलब्ध गराउन स्वीकृति लिनु पर्ने : २४
३२. क्याटरिङ सेवाको निरीक्षण गर्न सक्ने : २५
३३. विशेष प्रकृतिका यात्रु सम्बन्धी सुरक्षात्मक प्रावधान : २६
३४. वायुयानबाट हातहतियार लैजाँदा कायम गर्नु पर्ने सुरक्षा व्यवस्था : २६
३५. वायुयानभित्र शान्ति तथा व्यवस्था कायम गर्नु पर्ने : २७
३६. हिरासतमा लिन सक्ने : २८


## परिच्छेद–८
## अनधिकृत हस्तक्षेपको प्रतिरोध तथा सुरक्षा व्यवस्था


३७. अनधिकृत हस्तक्षेपबाट सुरक्षाको व्यवस्था गर्ने : २८
३८. यात्रु र वायुयान कर्मचारीको सुरक्षाको व्यवस्था गर्ने : २९
३८क. अनधिकृत हस्तक्षेप : २९
३९. जानकारी गराउने : ३०

४०. सूचनाको आदान प्रदान तथा प्रतिवेदन : ३०

४१. सङ्कटकालीन योजना बनाउनु पर्ने : ३०


## परिच्छेद–९

## नागरिक उड्डयन सुरक्षा सम्बन्धी कामको बाँडफाँट


४२. प्राधिकरणको जिम्मेवारी : ३१

४३. राष्ट्रिय अनुसन्धान विभाग निगरानी शाखाको जिम्मेवारी : ३२

४४. विमानस्थल सुरक्षा प्रहरीको जिम्मेवारी : ३२

४५. नेपाली सेनाको जिम्मेवारी : ३३

४६. सशस्त्र प्रहरी बल, नेपालको जिम्मेवारी : ३३

४७. विमानस्थल भन्सार कार्यालयको जिम्मेवारी : ३४

४८. विमानस्थल अध्यागमन कार्यालयको जिम्मेवारी : ३४

४९. वायुसेवा सञ्चालन संस्थाको जिम्मेवारी : ३४

५०. विमानस्थलभित्र सेवा प्रदान गर्ने संस्थाको जिम्मेवारी : ३५

५१. जिम्मेवारी पूरा नगरेमा कारबाही हुन सक्ने : ३५


## परिच्छेद–१०

## विविध


५२. अधिकार प्रत्यायोजन : ३६

५३. निर्देशन दिन सक्ने : ३६

५४. खारेजी र बचाउ : ३६

अनुसूची-१ ३७

अनुसूची-२ ३८

अनुसूची-१ ४०

# नेपाल नागरिक उड्डयन प्राधिकरण

## नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३

**पहिलो संशोधन– २०७६/५/१**

गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "नागरिक उड्डयन सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनआइडन्टीफाइड व्यागेज" भन्नाले सामान धनीको पहिचान नभई बेवारिसी अवस्थामा छोडिएको व्यागेज ट्याग भए वा नभएको व्यागेज सम्झनु पर्छ।

(ख) "अनएकम्पनाइड होल्ड व्यागेज" भन्नाले यात्रु चढेकै वायुयानबाट पठाउन नसकी कार्गोको रूपमा अर्को वायुयानबाट पठाइएको व्यागेज सम्झनु पर्छ।

(ग) "अनक्लेम्ड व्यागेज" भन्नाले हवाई मार्गबाट विमानस्थलमा आइपुगेको र कसैले पनि आफ्नो भनी दाबी नगरेको व्यागेज सम्झनु पर्छ।

♥(घ) "अनधिकृत हस्तक्षेप (अनलफुल इन्टरफियरेन्स)" भन्नाले नियम ३८ क बमोजिमको कार्य सम्झनु पर्छ।

(ङ) "एकम्पनाइड होल्ड व्यागेज" भन्नाले यात्रु चढेकै वायुयानबाट ओसारिने यात्रुको व्यागेज सम्झनु पर्छ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

(च) "ऐन" भन्नाले गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ सम्झनु पर्छ ।

(छ) "ट्रान्सफर यात्रु वा व्यागेज" भन्नाले एउटा वायुयानबाट ओर्ली विमानस्थलबाटै अर्को वायुयानमा प्रस्थान गर्ने यात्रु वा पठाइने व्यागेज सम्झनु पर्छ ।

(ज) "ट्रान्जिट यात्रु" भन्नाले कुनै उडानबाट अवतरण गरी अवतरण गरेको विमानस्थलबाट सोही उडान हुँदै प्रस्थान गर्ने यात्रु सम्झनु पर्छ ।

(झ) "नागरिक उड्डयन (सिभिल एभिएशन)" भन्नाले यात्रु, वायुयान, वायुयान कर्मचारी, विमानस्थल सञ्चालनमा संलग्न विभिन्न निकायका कर्मचारी, क्याटरिङ सेवा उपलब्ध गराउने कर्मचारी, सुरक्षाकर्मी वा आगन्तुक सम्झनु पर्छ र सो शब्दले विमानस्थल सञ्चालनमा प्रयोग भएका आवश्यक भौतिक पूर्वाधार, यन्त्र वा उपकरणलाई समेत जनाउँछ ।

(ञ) "नागरिक उड्डयन कार्यालय" भन्नाले प्राधिकरणको विमानस्थल स्थित कार्यालय सम्झनु पर्छ ।

(ट) "नागरिक उड्डयन सुरक्षा (सिभिल एभिएशन सेक्युरिटी)" भन्नाले अनधिकृत हस्तक्षेपबाट नागरिक उड्डयनको संरक्षण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले सुरक्षाको लागि गरिने कार्य, अवलम्बन गरिने उपाय (मेजर्स), मानव संशाधन र भौतिक साधनको संयोजनलाई समेत जनाउँछ ।

(ठ) "नागरिक उड्डयन सुरक्षा अधिकारी" भन्नाले नियम ७ बमोजिमको नागरिक उड्डयन सुरक्षाको उपयुक्त अधिकारी (एप्रोप्रियट अथोरिटी फर सिभिल एभिएशन सेक्युरिटी) को रूपमा काम गर्ने अधिकारी सम्झनु पर्छ ।

(ड) "निषेधित सामान" भन्नाले नागरिक उड्डयनको सुरक्षा प्रतिकूल हुने गरी प्रयोग हुन सक्ने हातहतियार, विस्फोटक पदार्थ वा अन्य सामान सम्झनु पर्छ र सो शब्दले वायुयानबाट ओसार पसार गर्न निषेध गरिएको अन्य कुनै सामानलाई समेत जनाउँछ ।

(ढ) “प्राधिकरण” भन्नाले नेपाल नागरिक उडड्यन प्राधिकरण ऐन, २०५३ बमोजिम स्थापित नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ।

(ण) “व्यागेज” भन्नाले वायुसेवा सञ्चालन संस्थाले आफ्नो वायुयानमा लैजान मञ्जुर गरेको यात्रु वा वायुयान कर्मचारीको व्यक्तिगत प्रयोजनको सामान सम्झनु पर्छ।

(त) “विमानस्थल सुरक्षा समिति” भन्नाले नियम १० बमोजिमको विमानस्थल सुरक्षा समिति सम्झनु पर्छ।

(थ) “समिति” भन्नाले नियम ३ बमोजिमको राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समिति सम्झनु पर्छ।

♥(द) “सुरक्षा खानतलासी (स्क्रिनिङ)” भन्नाले उपकरण वा अन्य साधनको प्रयोग गरी वा नगरी यात्रु, वायुयान कर्मचारी, विमानस्थलका कर्मचारी तथा आगन्तुकको साथमा रहेको वा निजहरूले लैजान खोजेको व्यागेजको जाँच गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले अनधिकृत हस्तक्षेपको कार्य हुन सक्ने हातहतियार, विष्फोटक पदार्थ वा अन्य हानिकारक वस्तु, पदार्थ पत्ता लगाउने कार्यलाई समेत जनाउँछ।

(ध) “सुरक्षा जाँच” भन्नाले यात्रु, वायुयान कर्मचारी, विमानस्थलका कर्मचारी तथा आगन्तुकको साथमा रहेको वासामानमा लुकाई छिपाई लैजान खोजिएको हातहतियार, विस्फोटक पदार्थ वा अज्ञानतावस लेजान खोजिएको अन्य निषेधित सामान पत्ता लगाउने प्रयोजनको निमित्त सामानको जाँच गर्ने कार्य सम्झनु पर्छ।

(न) “होल्ड व्यागेज” भन्नाले वायुयानको सामान राख्ने स्थान (एयरक्राफ्ट होल्ड) मा राखिने व्यागेज सम्झनु पर्छ।

(प) “ह्याण्ड व्यागेज” भन्नाले यात्रु तथा वायुयान कर्मचारीले लगाएका लुगा तथा लुगाको खल्तीमा रहेका सामान बाहेक निजले वायुयानमा आफूसँगै लैजाने सबै सामान सम्झनु पर्छ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

## परिच्छेद - २

# समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. समितिको गठन : (१) नागरिक उड्डयनलाई सुरक्षित बनाउन तथा राष्ट्रियस्तरमा हवाई सुरक्षा समन्वय गर्न एक राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) महान्यायाधिवक्ता वा निजले तोकेको नायब महान्यायाधिवक्ता - सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) सचिव, गृह मन्त्रालय - सदस्य

(च) सचिव, रक्षा मन्त्रालय - सदस्य

(छ) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ज) बलाधिकृत, नेपाली सेना, जङ्गी अड्डा - सदस्य

(झ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(ञ) सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल - सदस्य

(ट) मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग -सदस्य

(ठ) प्राधिकरणको महानिर्देशक - सदस्य-सचिव

(३) समितिको सचिवालय प्राधिकरणमा रहनेछ।

४. समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक वर्षको एक पटकमा नघटाई आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिले आवश्यकता अनुसार नागरिक उड्डयन सुरक्षा सम्बन्धी विशेषज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नागरिक उड्डयन सुरक्षाका सम्बन्धमा अवलम्बन गर्नु पर्ने राष्ट्रिय नीति तथा कानूनमा गर्नु पर्ने सुधारको विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) नागरिक उड्डयन सुरक्षा विरुद्धका खतरा (थ्रेट) को प्रकृति तथा क्षेत्रको आधारमा राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न नागरिक उड्डयन सम्बन्धी विभिन्न निकाय बीच सुरक्षा समन्वय गर्ने,

(ग) नागरिक उड्डयन सुरक्षा विरुद्धका सम्भावित खतराको सामना गर्न अवलम्बन गर्नु पर्ने सुरक्षात्मक व्यवस्थाका सम्बन्धमा नागरिक उड्डयन सुरक्षा अधिकारी तथा सम्बद्ध अन्य निकायलाई निर्देशन दिने,

(घ) नागरिक उड्डयन सुरक्षा प्रविधिको स्तरोन्नति गर्न वा अतिरिक्त सुरक्षा गर्न आवश्यक देखिएमा सम्बन्धित निकायलाई निर्देशन दिने,

♥(ङ) विमानस्थलको निर्माण, सुधार तथा विस्तार गर्दा अपनाउनु पर्ने सुरक्षात्मक प्रावधानहरूको कार्यान्वयनको सुनिश्चितता गर्न प्राधिकरणलाई निर्देशन दिने,

♥(च) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम स्वीकृत गर्ने,

♥(छ) नागरिक उड्डयन सुरक्षाका सम्बन्धमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा लागू गरिएका एनेक्स-१७ तथा अन्य एनेक्सका सम्बन्धित प्रावधानहरू कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन प्राधिकरणलाई निर्देशन दिने,

(ज) नागरिक उड्डयन सुरक्षा सम्बन्धी तालीम प्राप्त सुरक्षाकर्मीलाई खानतलासीको कार्यमा संलग्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिने,

(झ) नागरिक उड्डयन सुरक्षा सम्बन्धमा ऐन तथा यस नियमावलीको व्यवस्था पालना भए नभएको समय समयमा निरीक्षण र अनुगमन गर्ने तथा त्यसरी निरीक्षण र अनुगमन गर्दा कसैले सो व्यवस्था पालना गर्नमा ढिलासुस्ती वा हेलचेक्र्याइँ गरेको देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

## परिच्छेद-३

# राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्था

६. राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम बनाई लागू गर्ने : (१) नागरिक उड्डयनलाई अनधिकृत हस्तक्षेपबाट संरक्षण गर्न समितिले राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम बनाई लागू गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रममा समावेश गर्नु पर्ने विषयहरू अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन् ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित ।

७. नागरिक उड्डयन सुरक्षा अधिकारीको रूपमा काम गर्ने : प्राधिकरणको महानिर्देशकले नागरिक उड्डयन सुरक्षा अधिकारीको रूपमा काम गर्नेछ।

८. नागरिक उड्डयन सुरक्षा अधिकारीको काम, कर्तव्य र अधिकार : (१) यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नागरिक उड्डयन सुरक्षा अधिकारीको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

♥(क) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम अन्तर्गतका राष्ट्रिय नागरिक उड्डयन सुरक्षा गुणस्तर नियन्त्रण कार्यक्रम, राष्ट्रिय हवाई सुरक्षा तालीम कार्यक्रम, विमानस्थल सुरक्षा कार्यक्रम लगायत नागरिक उड्डयन सुरक्षा सम्बन्धी म्यानुअल तथा नागरिक उड्डयन सुरक्षा स्तरीय कार्यसञ्चालन कार्यविधि स्वीकृत गरी कार्यान्वयन गराउने,

(ख) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रमको बारेमा नागरिक उड्डयन सुरक्षासँग सम्बन्धित व्यक्ति तथा निकायलाई जानकारी गराउने,

(ग) नागरिक उड्डयन सुरक्षा सम्बन्धी विषयमा विभिन्न निकायबीच समन्वय तथा सहयोग आदान प्रदान गर्ने,

(घ) वायुसेवा सञ्चालन संस्था तथा अन्य निकायले बनाएको नागरिक उड्डयन सुरक्षाका कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गराउने,

(ङ) नागरिक उड्डयन सुरक्षा सम्बन्धी कानूनमा गर्नु पर्ने सुधारको सम्बन्धमा समितिलाई सुझाव दिने,

(च) नागरिक उड्डयन सुरक्षा सम्बन्धी प्रचलित कानून, राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम, विमानस्थल सुरक्षा कार्यक्रम, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनबाट लागू गरिएका मापदण्ड तथा वायुसेवा सञ्चालन संस्थाको सुरक्षा कार्यक्रमको कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक निरीक्षण, जाँच, परीक्षण तथा सुरक्षा सर्वे गर्ने, गराउने,

(छ) नागरिक उड्डयन सुरक्षा सम्बन्धमा गरिएका निरीक्षण, जाँच, परीक्षण तथा सुरक्षा सर्वेबाट देखिएका त्रुटिहरू सच्याउन सम्बद्ध निकायलाई निर्देशन दिने,

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

(ज) नागरिक उड्डयन तथा विमानस्थल सुरक्षाको लागि आवश्यक पर्ने भवन, सुरक्षा उपकरण, इन्धन लगायतका पूर्वाधार तथा सुविधाको व्यवस्था गर्ने, गराउने,

(झ) नागरिक उड्डयन सुरक्षा विरुद्धको खतराको अनुपातमा सुरक्षात्मक कार्यक्रम पर्याप्त भए वा नभएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ञ) अन्य राष्ट्रको नागरिक उड्डयन सुरक्षा विरुद्ध खतराको जानकारी प्राप्त भएमा सम्बन्धित राष्ट्रलाई यथासम्भव छिटो जानकारी गराउने,

(ट) नागरिक उड्डयन सुरक्षा विरुद्ध कुनै खतरा देखिएमा त्यसको जानकारी तत्काल प्राधिकरण सञ्चालक समितिका पदाधिकारी, समितिका अध्यक्ष तथा सदस्यलाई र सम्बन्धित मन्त्रालयको सचिवलाई गराउने,

(ठ) नागरिक उड्डयन सुरक्षा सम्बन्धी सूचना, खतरा, सन्देश तथा कागजातको गोपनीयता कायम राख्ने व्यवस्था मिलाउने,

♥(ड) कुनै कर्मचारी वा कामदार गैर कानूनी काममा संलग्न रहेको पाइएमा निजलाई तत्कालै विमानस्थलको कामवाट हटाई निषिद्ध क्षेत्र अनुमतिपत्र जफत गरी प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्वन्धित निकायलाई लेखी पठाउने,

(ढ) वायुसेवा सञ्चालन संस्था, नागरिक उड्डयन कार्यालय तथा विमानस्थलमा रहने भन्सार, सुरक्षा निकाय, अध्यागमन लगायत सबै निकायको नागरिक उड्डयन सुरक्षा सम्बन्धी जिम्मेवारी तोक्ने र तोकिएको जिम्मेवारी पालन गरे, नगरेको अनुगमन गर्ने, गराउने,

(ण) विमानस्थलको निर्माण, पुनर्निर्माण, विस्तार वा विमानस्थलमा कुनै भवन, सेवा सुविधा थप वा विस्तार गर्नु अघि विमानस्थल सुरक्षाको पूर्ण प्रत्याभूतिको निमित्त आवश्यक सुरक्षा योजना स्वीकृत गरी कार्यान्वयन गराउने,

(त) अन्य मुलुकसँग हुने हवाई सम्झौतामा नागरिक उड्डयन सुरक्षाका प्रावधान समावेश गर्न सिफारिस गर्ने,

---

♥ पहिलो संशोधनद्वारा संशोधित ।

(थ) नागरिक उड्डयन सुरक्षा सम्बन्धी आवश्यक तालीम तथा प्रमाणीकरण (सर्टिफिकेशन) कोर्ष सञ्चालनको लागि सम्बन्धित निकाय तथा संस्थालाई लेखी पठाउने,

(द) नागरिक उड्डयन सुरक्षा कार्यक्रम पेस नगर्ने वा कार्यान्वयन नगर्ने वायुसेवा सञ्चालन संस्थालाई नेपालमा वायुयान सञ्चालनको अनुमति प्रदान नगर्न वा अनुमति रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउने,

(ध) नागरिक उड्डयन सुरक्षा विरुद्धमा अनधिकृत हस्तक्षेप भएमा त्यस सम्बन्धमा गरिएका काम कारबाही र पुनः त्यस्ता क्रियाकलाप दोहोरिन नदिन गरिएका प्रयास समेतको बारेमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनलाई जानकारी गराउने ।

(न)♦ हवाई सुरक्षा निरीक्षक परिचयपत्र तथा वायुयान चालक सदस्य परिचयपत्र जारी गर्ने,

(२) नागरिक उड्डयन सुरक्षा आधिकारीले नागरिक उड्डयन सुरक्षा सम्बन्धमा सम्बन्धित निकाय, वायुसेवा सञ्चालन संस्था वा कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो निकाय, वायुसेवा सञ्चालन संस्था वा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) उपनियम (२) बमोजिम दिइएको निर्देशन कुनै कर्मचारीले पालना नगरी नागरिक उड्डयन सुरक्षामा बाधा पुऱ्याएमा वा बाधा पुग्न जाने देखिएमा नागरिक उड्डयन सुरक्षा अधिकारीले त्यस्तो कर्मचारीलाई विमानस्थलको जिम्मेवारीबाट हटाउन सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

---

♦पहिलो संशोधनबाट थप

परिच्छेद-४

# विमानस्थल सुरक्षा सम्बन्धी व्यवस्था

९. विमानस्थल सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्था : (१) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि प्रत्येक नागरिक उड्डयन कार्यालयले विमानस्थल सुरक्षा कार्यक्रम तयार गरी स्वीकृतिको लागि नागरिक उड्डयन सुरक्षा अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विमानस्थल नागरिक उड्डयन सुरक्षा कार्यक्रममा समावेश गर्नु पर्ने विषयहरू अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछन्।

(३) उपनियम (१) बमोजिम प्राप्त कार्यक्रम उपयुक्त भए नभएको जाँची आवश्यकता अनुसार परिमार्जन गर्न लगाई नागरिक उड्डयन सुरक्षा अधिकारीले आवश्यक शर्त समेत तोकी त्यस्तो कार्यक्रम स्वीकृत गर्नेछ।

१०. विमानस्थल सुरक्षा समिति : (१) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम तथा समितिको निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गराउने काम समेतको लागि प्रत्येक विमानस्थलमा एक विमानस्थल सुरक्षा समिति रहनेछ।

(२) विमानस्थल सुरक्षा समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नागरिक उड्डयन कार्यालयको प्रमुख -अध्यक्ष

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित जिल्ला प्रहरी कार्यालयको कम्तीमा प्रहरी निरीक्षकस्तरको प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित जिल्ला स्थित नेपाली सेनाको कम्तीमा अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित जिल्ला स्थित सशस्त्र प्रहरी बल, नेपालको कम्तीमा अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(च) सम्बन्धित जिल्लाको राष्ट्रिय अनुसन्धान कार्यालयको

अधिकृत -सदस्य

(छ) विमानस्थलस्थित सुरक्षा प्रहरी कार्यालयको प्रमुख -सदस्य

(ज) विमानस्थल सुरक्षाको लागि खटिएको नेपाली सेना वा सशस्त्र प्रहरी बल, नेपालको प्रमुख -सदस्य

(झ) विमानस्थल रहेको नगरपालिका वा गाउँ विकास समितिको प्रतिनिधि -सदस्य

(ञ) सम्बन्धित विमानस्थलमा वायुसेवा सञ्चालन गर्ने सबै वायुसेवा सञ्चालन संस्थाका विमानस्थल प्रमुखहरू - सदस्य

(ट) विमानस्थल सुरक्षा समितिको अध्यक्षले तोकेको नागरिक उड्डयन कार्यालयको अधिकृत -सदस्य-सचिव ।

♥(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :-

(क) अन्तर्राष्ट्रिय विमानस्थलस्थित नागरिक उड्डयन कार्यालयको प्रमुख -अध्यक्ष

(ख) अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको प्रमुख -सदस्य

(ग) अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयको प्रमुख -सदस्य

(घ) अन्तर्राष्ट्रिय विमानस्थलस्थित नेपाली सेनाको इन्जिनियरिङ्ग निर्देशनालयको प्रमुख - सदस्य

(ङ) अन्तर्राष्ट्रिय विमानस्थलस्थित सुरक्षा प्रहरी कार्यालयको प्रमुख -सदस्य

(च) अन्तर्राष्ट्रिय विमानस्थलस्थित राष्ट्रिय अनुसन्धान विभाग, निगरानी उपशाखाको प्रमुख -सदस्य

(छ) अन्तर्राष्ट्रिय विमानस्थलस्थित नेपाल वायुसेवा निगमका प्रमुख -सदस्य

---

♥ पहिलो संशोधनद्वारा संशोधित ।

(ज) अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, हवाई सुरक्षा महाशाखा प्रमुख -सदस्य सचिव

११. विमानस्थल सुरक्षा समितिको बैठक : (१) विमानस्थल सुरक्षा समितिको बैठक वर्षमा चार पटकमा नघटाई आवश्यकता अनुसार बस्नेछ।

(२) विमानस्थल सुरक्षा समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सो समितिको सदस्य- सचिवले विमानस्थल सुरक्षा समितिको बैठक बोलाउनेछ।

(३) विमानस्थल सुरक्षा समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) विमानस्थल सुरक्षा समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूहरू मध्येबाट छानेको सदस्यले गर्नेछ।

(५) विमानस्थल सुरक्षा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) विमानस्थल सुरक्षा समितिले आवश्यकता अनुसार नागरिक उड्डयन सुरक्षा सम्बन्धी विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

♥(७) विमानस्थल सुरक्षा समितिको बैठकको निर्णय सो समितिको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ।

♦(७क)उपनियम (७) बमोजिम सुरक्षा समितिको निर्णयको प्रमाणित प्रति सदस्य–सचिवले राष्ट्रिय नागरिक उड्डयन सुरक्षा अधिकारीलाई पठाउनु पर्नेछ।

(८) विमानस्थल सुरक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित

♦ पहिलो संशोधनबाट थप

१२. विमानस्थल सुरक्षा समितिको काम, कर्तव्य र अधिकार : (१) विमानस्थल सुरक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विमानस्थल सुरक्षा कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

(ख) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम तथा विमानस्थल सुरक्षा कार्यक्रम कार्यान्वयनको लागि विभिन्न निकाय बीच समन्वय गर्ने,

(ग) खण्ड (ख) बमोजिमको कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने,

(घ) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको सुरक्षा म्यानुअलको अधीनमा विमानस्थल सुरक्षा प्रकृया तथा त्यसको कार्यान्वयनको मूल्याङ्कन गर्ने,

(ङ) विमानस्थलमा सुरक्षाको दृष्टिबाट संवेदनशील देखिएका ठाउँ वा निषेधित क्षेत्रको विवरण तयार गरी अद्यावधिक गरी राख्ने तथा त्यस्तो ठाउँ र क्षेत्रको सुरक्षा तथा सुरक्षाको लागि प्रयोग गरिएका यन्त्र उपकरणको समय समयमा जाँच गरी चालु अवस्थामा राख्ने,

(च) विमानस्थलमा लागू गरिएका सुरक्षात्मक प्रावधान जुनसुकै प्रकारका नागरिक उड्डयन सुरक्षा विरुद्धका खतरालाई सामना गर्न सक्षम भएको सुनिश्चित गर्ने,

(छ) विमानस्थलको सुरक्षात्मक व्यवस्थाको प्रभावकारिता तथा कमी कमजोरीको मूल्याङ्कन गर्न समय समयमा सुरक्षा सर्वे, परीक्षण तथा निरीक्षण गरी वा गर्न लगाई सो को प्रतिवेदन लिने,

(ज) विमानस्थल सुरक्षा सम्बन्धी अवस्था र भविष्यमा गर्नु पर्ने व्यवस्थाको सम्बन्धमा कार्ययोजना सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्ष प्राधिकरणमा पठाउने,

(झ) विमानस्थलको सुरक्षा तथा विमानस्थल सञ्चालनसँग सम्बन्धित कर्मचारीको लागि आवश्यक तालीमको व्यवस्था गर्ने,

(ञ) विमानस्थलको निर्माण, पुनर्निर्माण वा विस्तार सम्बन्धी योजना बनाउँदा विमानस्थल सुरक्षाको पूर्ण प्रत्याभूतिको लागि सुरक्षाको आवश्यक व्यवस्था समेत समावेश गर्न लगाउने ।

(२) विमानस्थल सुरक्षा समितिले चाहेमा आफ्नो कार्य सम्पादनमा सहयोग गर्न सो समितिका सदस्यहरू मध्येबाट विमानस्थल सुरक्षा उपसमिति गठन गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार विमानस्थल सुरक्षा समितिले त्यस्तो उपसमिति गठन गर्दा निर्धारण गरे बमोाजिम हुनेछ।

१३. विमानस्थल सुरक्षा अधिकारी तोक्ने : ♥(१) नागरिक उडड्यन कार्यालयका प्रमुखले सम्बन्धित विमानस्थलमा कार्यरत विमानस्थल सुरक्षा सम्बन्धी ज्ञान भएको कुनै कर्मचारीलाई त्यस्तो विमानस्थलको सुरक्षा अधिकारी तोक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय विमानस्थलको हकमा त्यस्तो विमानस्थलस्थित नागरिक उड्डयन कार्यालयको हवाई सुरक्षा महाशाखा प्रमुखले सो विमानस्थलको सुरक्षा अधिकारीको रूपमा काम गर्नेछ।

१४. विमानस्थल सुरक्षा अधिकारीको काम, कर्तव्य र अधिकार : (१) विमानस्थल सुरक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विमानस्थल सुरक्षा कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने।

♥(ख) विमानस्थल सुरक्षा कार्यक्रमको कार्यान्वयन अवस्थाको बारेमा आवश्यकता अनुसार सुरक्षा सर्वे, अडिट, निरीक्षण, अभ्यास वा परीक्षण कार्य गर्ने, गराउने, र सोको प्रतिवेदन राष्ट्रिय नागरिक उड्डयन सुरक्षा अधिकारीलाई पठाउने,

(ग) विमानस्थलको कार्य सञ्चालनका सम्बन्धमा कार्यविधि तयार गरी विमानस्थल सुरक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,

(घ) विमानस्थल सुरक्षामा रहेका वा आउनसक्ने सुरक्षा खतरा तथा अन्य समस्या समाधान गर्नको लागि विमानस्थल सुरक्षा कार्यक्रममा सुधार गर्नु पर्ने देखिएमा नागरिक उड्डयन कार्यालयका प्रमुख समक्ष सिफारिस गर्ने,

---

♥ पहिलो संशोधनद्वारा संशोधित

(ङ) विमानस्थलमा सुरक्षा व्यवस्था पर्याप्त भए वा नभएको सम्बन्धमा सुपरिवेक्षण गर्ने,

(च) विमानस्थल सुरक्षाको लागि विमानस्थल स्थित अन्य निकाय बिच समन्वय कायम गर्ने,

(छ) आपतकालीन अवस्थामा विमानस्थलमा सुरक्षाकर्मी, अग्नि नियन्त्रक र जीवनोद्धारकर्मी तत्काल परिचालन हुनसक्ने प्रबन्ध मिलाउने,

(ज) विमानस्थलमा कार्यरत सम्पूर्ण निकायका कर्मचारीलाई विमानस्थलको सुरक्षा सम्बन्धमा सचेत र चनाखो बनाई राख्न आवश्यक परामर्श तथा अभिमुखीकरण गर्ने,

(झ) विमानस्थल सुरक्षा कार्यक्रममा संलग्न कर्मचारीलाई आवश्यक पर्ने तालीम दिलाउन पहल गर्ने,

(ञ) विमानस्थलको निर्माण, पुनर्निर्माण विस्तार तथा सुधार गर्दा अवलम्बन गर्नु पर्ने सुरक्षात्मक प्रावधानको सम्बन्धमा नागरिक उड्डयन कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने,

(ट) विमानस्थललाई असर पार्ने सुरक्षा खतरा, अनधिकृत हस्तक्षेप, खानतलासीको क्रममा फेला परेका निषेधित सामानको विवरण तथा विमानस्थल सुरक्षा सम्बन्धी घटना वा दुर्घटनाको अभिलेख राख्ने,

(ठ) कुनै वायुयानको अनधिकृत हस्तक्षेप भएमा सो सम्बन्धी सबै सूचनाहरू एकीकृत गरी नागरिक उड्डयन कार्यालयका प्रमुखलाई जानकारी गराउने,

(ड) विमानस्थलभित्र कुनै किसिमको हुल हुज्जत, नाराबाजी वा हडताल हुन नदिन आवश्यक व्यवस्था गर्ने,

(ढ) विमानस्थलमा उच्च सुरक्षा व्यवस्था कायम राख्न यो नियमावली, नागरिक उड्डयन सुरक्षा कार्यक्रम तथा विमानस्थल सुरक्षा कार्यक्रमको प्रतिकूल नहुने गरी आवश्यक अन्य कार्यहरू गर्ने, गराउने,

(ण) आवश्यकता अनुसार विमानस्थलको निषेधित क्षेत्र, वायुसेवाका ह्याङ्गर लगायत विमानस्थलको सबै क्षेत्रमा प्रवेश गर्ने र त्यसको निरीक्षण गर्ने,

(त) सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको अनुमति लिई त्यस्तो संस्थाको वायुयानभित्र प्रवेश गर्ने,

(थ) नागरिक उड्डयन सुरक्षाको जिम्मेवारी निर्वाह गर्ने क्रममा विमानस्थलस्थित कुनै कर्मचारीबाट त्रुटि भएमा त्यस्तो त्रुटि सच्याउन र त्रुटिको प्रकृति हेरी त्रुटि गर्नेलाई सचेत गराउन कार्यालय प्रमुखलाई लेखी पठाउने,

♥(द) विमानस्थलमा रहेका कुनै कर्मचारीबाट सुरक्षामा असर पर्ने कार्य भए गरेको पाईएमा निजलाई जारी गरिएको विमानस्थल निषिद्ध क्षेत्र प्रवेश अनुमतिपत्र तत्कालै रद्द गरी विभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउन नागरिक उड्डयन कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने,

(ध) विमानस्थल स्थित निकायका कुनै कर्मचारीलाई काममा लगाई राख्दा सुरक्षा व्यवस्थामा गम्भीर आँच आउने देखिएमा निजलाई तुरुन्त सो जिम्मेवारीबाट हटाउन सम्बन्धित निकायलाई लेखी पठाउन नागरिक उड्डयन कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने,

(न) विमानस्थलमा प्रवेश गर्ने व्यक्ति वा ल्याइएका सामानको सुरक्षा खानतलासी (स्क्रिनिङ) कार्यको नियमित रूपमा निरीक्षण र परीक्षण गर्ने,

♥(प) हवाई यात्रु बाहेक अन्य व्यक्तिलाई विमानस्थलमा प्रवेशको लागि प्रवेश अनुमतिपत्र जारी गर्न नागरिक उड्डयन कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

(२) उपनियम (१) बमोजिम नागरिक उड्डयन कार्यालयको प्रमुखले विमानस्थल सुरक्षा अधिकारीको रूपमा काम गरेको अवस्थामा निजले सो उपनियमको खण्ड (घ), (ञ), (ठ), (थ) वा (ध) बमोजिम नागरिक उड्डयन कार्यालय प्रमुखलाई पेस गर्ने सिफारिस विमानस्थल सुरक्षा समितिमा पेस गर्नु पर्नेछ ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित

परिच्छेद-५

## वायुसेवा सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्था

१५. वायुसेवा सुरक्षा कार्यक्रम बनाई लागू गर्नु पर्ने : (१) वायुसेवा सञ्चालन संस्था र हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाले राष्ट्रिय नागरिक उडड्यन सुरक्षा कार्यक्रमलाई सहयोग पुग्ने गरी आ-आफ्नो वायुसेवा सञ्चालन सुरक्षा कार्यक्रम तथा तालीम कार्यक्रम बनाई स्वीकृतिको लागि नागरिक उडड्यन सुरक्षा अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सुरक्षा कार्यक्रम तथा तालीम कार्यक्रममा समावेश गर्नु पर्ने विषयहरू अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको वायुसेवा सञ्चालन सुरक्षा कार्यक्रम नागरिक उड्डयन सुरक्षा अधिकारीले उपयुक्त भए नभएको जाँची आवश्यकता अनुसार परिमार्जन गर्न लगाई स्वीकृत गर्नु पर्नेछ।

१६. वायुसेवा सञ्चालन सुरक्षा अधिकारी सम्बन्धी व्यवस्था : (१) प्रत्येक वायुसेवा सञ्चालन संस्था र हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाले हवाई सुरक्षा सम्बन्धी तालीम प्राप्त व्यक्तिलाई त्यस्तो संस्थाको वायुसेवा सञ्चालन सुरक्षा अधिकारीको रूपमा नियुक्ति गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त वायुसेवा सञ्चालन सुरक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वायुसेवा सञ्चालन सुरक्षा कार्यक्रम वा कार्यान्वयन सम्बन्धी सुनिश्चितताको लागि सुरक्षा सर्वे तथा निरीक्षण गर्ने,

(ख) वायुसेवा सञ्चालन सुरक्षाको लागि नागरिक उड्डयन कार्यालयका प्रमुख, विमानस्थल सुरक्षा अधिकारी तथा अन्य सम्बद्ध निकायसँग समन्वय गर्ने,

(ग) वायुयान विरुद्ध हुन सक्ने सम्भावित खतराको अद्यावधिक जानकारी राख्ने र त्यस्तो विषयमा नागरिक उड्डयन कार्यालयको प्रमुख, विमानस्थल सुरक्षा अधिकारी र वायुसेवा सञ्चालन संस्थाको प्रमुख कार्यकारीलाई जानकारी गराउने,

(घ) वायुसेवा सञ्चालन सुरक्षा कार्यक्रमको कार्यान्वयन स्थितिको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) वायुसेवा सञ्चालन सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा संलग्न कर्मचारीको लागि आवश्यक तालीमको व्यवस्था गर्ने ।

परिच्छेद-६

# नागरिक उड्डयन सुरक्षाको गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था

१७. नागरिक उड्डयन सुरक्षा गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था : (१) प्राधिकरणले राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रममा तोकिएको सुरक्षा गुणस्तर कायम राख्न तथा त्यस्तो कार्यक्रमको कार्यान्वयनमा संलग्न कर्मचारीको काम प्रभावकारी बनाउन राष्ट्रिय नागरिक उड्डयन सुरक्षा गुणस्तर नियन्त्रण कार्यक्रम बनाई लागू गर्नु पर्नेछ ।

(२) प्राधिकरणले राष्ट्रिय नागरिक उडड् यन सुरक्षा कार्यक्रमको पालना भए नभएको नियमित रूपमा निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

(३) प्राधिकरणले नागरिक उड्डयन सुरक्षा गुणस्तर कायम भए नभएको यकिन गर्न र नागरिक उड्डयनका थप सुरक्षात्मक प्रावधानहरूको पहिचान गर्न निरीक्षक वा अडिटर तोकी निजहरूबाट नियमित रूपमा सुरक्षा सर्वे, परीक्षण, निरीक्षण, जाँच तथा अनुसन्धान गराउनु पर्नेछ ।

♦(४)उपनियम (२) र (३) बमोजिमको कार्य गर्दा हवाई सुरक्षा निरीक्षकलाई विमानस्थल निषेधित क्षेत्रमा प्रवेश दिनु तथा निजले माग गरेका सुरक्षा सम्वन्धी कागजात सम्बन्धित निकायले उपलब्ध गराउनु पर्नेछ ।

१८. कर्मचारीको चाल चलनको बारेमा जानकारी लिनु पर्ने : (१) विमानस्थल सुरक्षा अधिकारीले विमानस्थल सुरक्षा कार्यक्रम कार्यान्वयनमा संलग्न व्यक्ति तथा विमानस्थलमा खटिएका विभिन्न निकायका कर्मचारीहरूको चालचलनको बारेमा जानकारी लिनु पर्नेछ ।

---

♦ पहिलो संशोधनबाट थप

(२) विमानस्थल सुरक्षा अधिकारीले उपनियम (१) बमोजिमको जानकारी प्रत्येक दुई वर्षमा अद्यावधिक गर्नु पर्नेछ।

(३) लामो अवधिको बिदामा बसी वा विदेशमा गई फर्किएका कर्मचारीलाई विमानस्थल सुरक्षा कार्यक्रमको जिम्मेवारी दिनु पूर्व उपनियम (१) बमोजिमको जानकारी लिनु पर्नेछ।

१९. तालीम प्राप्त कर्मचारीलाई काममा लगाउने : ♥(१) विमानस्थल सुरक्षा अधिकारीले राष्ट्रिय हवाई सुरक्षा तालिम कार्यक्क्रमद्वारा निर्धारण भए बमोजिमको तालीम प्राप्त कर्मचारीलाई मात्र विमानस्थलमा सुरक्षा खानतलासी सम्बन्धी काममा लगाउनु पर्नेछ।

(२) नागरिक उड्डयन सुरक्षाको कार्यमा संलग्न प्रत्येक कार्यालयले आफ्ना कर्मचारीद्वारा उपनियम (१) बमोजिमको तालीम लिए नलिएको व्यहोरा अद्यावधिक गरी राख्नु पर्नेछ।

(३) नागरिक उड्डयन सुरक्षा व्यवस्थाको प्रकृयाको सर्वे, परीक्षण, निरीक्षण, जाँच तथा अनुसन्धान गर्ने वा नागरिक उड्डयन सुरक्षामा संलग्न हुने व्यक्तिले समितिले निर्धारण गरे बमोजिमको तालीम प्राप्त गरेको हुनु पर्नेछ।

२०. नागरिक उड्डयन सुरक्षा गुणस्तर सम्बन्धी अन्य व्यवस्था : (१) नागरिक उड्डयन सुरक्षा अधिकारीले नागरिक उड्डयन सुरक्षामा आईपर्ने अनधिकृत हस्तक्षेप हुन नदिन राष्ट्रिय नागरिक उड्डयन सुरक्षा गुणस्तर नियन्त्रण कार्यक्रमको समय समयमा मूल्याङ्कन गरी, गराई सो बमोजिम आवश्यक कुराहरू सुधार गरी त्यसको कार्यान्वयन गर्न सम्बन्धित निकाय तथा संस्थासँग समन्वय गर्नु पर्नेछ।

(२) नागरिक उड्डयन सुरक्षा सम्बन्धमा सर्वे, परीक्षण, निरीक्षण, जाँच तथा अनुसन्धान गर्ने पदाधिकारीले आवश्यक पर्ने कागजात, विवरण एवम् जानकारी नागरिक उड्डयन कार्यालय, वायुसेवा सञ्चालन संस्था, विमानस्थल सुरक्षा अधिकारी लगायत विमानस्थल स्थित सबै निकायले उपलब्ध गराउनु पर्नेछ।

(३) नागरिक उड्डयन सुरक्षा गर्ने कार्यमा यस नियमावली बमोजिमको

---

♥ पहिलो संशोधनद्वारा संशोधित

जिम्मेवारी पाएका निकाय वा अधिकारीले वायुसेवा सञ्चालन संस्थाका कर्मचारी, यात्रु, सो कामका लागि खटाइएको कर्मचारी वा अन्य स्रोतबाट प्राप्त सूचनाहरूको विश्लेषण गर्न तथा गोपनीयता कायम राख्न गोप्य प्रतिवेदन पद्धति लागू गर्नु पर्नेछ।

## परिच्छेद-७

# व्यक्ति तथा सामानको सुरक्षा जाँच सम्बन्धी व्यवस्था

२१. अनधिकृत प्रवेश नियन्त्रण गर्ने : (१) विमानस्थलको सुरक्षामा खटिएको सुरक्षाकर्मीले विमानस्थलको निषेधित क्षेत्रभित्र अनधिकृत व्यक्तिको प्रवेश हुन नसक्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) विमानस्थलको सुरक्षामा खटिएको सुरक्षाकर्मीले विमानस्थलको निषेधित क्षेत्रमा प्रवेश गर्न ऐन बमोजिम अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो क्षेत्रमा प्रवेश दिनु अघि प्रवेश गर्ने व्यक्तिको विवरण तथा निजले सवारी साधनको प्रयोग गरेकोमा त्यस्तो सवारी साधनको विवरण सहितको अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ।

(३) विमानस्थलको सुरक्षामा प्रतिकूल प्रभाव नपर्ने भएमा मात्र सुरक्षाकर्मीले यात्रु वा विमानस्थलमा खटिएको कर्मचारी बाहेक अन्य व्यक्तिलाई विमानस्थलको निषेधित क्षेत्रमा प्रवेश गर्न अनुमति प्रदान गर्नु पर्नेछ।

२२. वायुयानको सुरक्षा सम्बन्धी व्यवस्था : वायुसेवा सञ्चालन संस्थाले वायुयान सुरक्षाको सम्बन्धमा देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) वायुयान उडान गर्नु अघि निषेधित सामान लुकाई छिपाई नलगेको सुनिश्चित गर्न वायुयानमा यात्रु चढ्नु र सामान राख्नु पूर्व वायुयानको सुरक्षा जाँच गर्ने,

(ख) वायुयान अवतरण भए पछि वायुयानबाट ओर्लने यात्रुलाई वायुयानभित्र कुनै सामान छाड्न नदिने,

(ग) वायुयानको चालक कक्ष (ककपिट) भित्र अनधिकृत व्यक्ति प्रवेश गर्न नदिने,

(घ) वायुयानभित्र सम्बन्धित यात्रु तथा कर्मचारी बाहेक अन्य अनधिकृत

व्यक्तिलाई प्रवेश गर्न नदिने ।

२३. यात्रु, व्यक्ति वा सामानको सुरक्षा जाँच गर्ने : (१) सुरक्षाकर्मीले वायुयान वा विमानस्थलको निषेधित क्षेत्रभित्र यात्रु वा कुनै व्यक्तिलाई प्रवेश गर्न दिनु अघि यात्रु वा त्यस्ता व्यक्तिको शरीर र निजको ह्याण्ड व्यागेज तथा व्यागेजको सुरक्षा जाँच गर्नु पर्नेछ ।

(२) सुरक्षाकर्मीले ट्रान्सफर यात्रु, वायुयानबाट ओर्लने अनुमति प्रदान गरिएका ट्रान्जिट यात्रु र निजहरूको ह्याण्ड व्यागेज तथा व्यागेजको समेत उपनियम (१) बमोजिम सुरक्षा जाँच गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सुरक्षा जाँच गरी सकेको यात्रु वा कुनै व्यक्तिसँग सुरक्षा जाँच नभएको यात्रु वा कुनै व्यक्तिको भेट भएमा वा भेट भएको शङ्का लागेमा त्यस्तो यात्रु वा व्यक्तिको यस नियम बमोजिम पुनः सुरक्षा जाँच गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सुरक्षा जाँच गरिसकेको कुनै ह्याण्ड व्यागेज, व्यागेज वा सामानसँग सुरक्षा जाँच नगरेको सामान मिसिएमा वा मिसिएको शङ्का लागेमा त्यस्तो सामानको समेत यस नियम बमोजिम पुनः सुरक्षा जाँच गर्नु पर्नेछ ।

२४. ट्रान्जिटमा रहेका यात्रुको लागि छुट्टै कक्षको व्यवस्था गर्ने : ट्रान्जिटमा रहेका यात्रुलाई वायुयानबाट ओर्लिई विमानस्थलको टर्मिनल भवनमा आउन दिने व्यवस्था भएमा नागरिक उडड्यन कार्यालयले त्यस्ता ट्रान्जिट यात्रुलाई सुरक्षा जाँच नलिएको कुनै यात्रु सँग भेट नहुने वा सुरक्षा जाँच नगरेको सामान मिसिन नसक्ने गरी विमास्थलमा छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ ।

२५. होल्ड व्यागेजको खानतलासी लिने : (१) सुरक्षाकर्मीले वायुयानमा लोड गर्नु पूर्व प्रत्येक होल्ड व्यागेजको सुरक्षा खानतलासी लिनु पर्नेछ ।

(२) सुरक्षाकर्मीले उपनियम (१) बमोजिम सुरक्षा खानतलासी लिएको होल्ड व्यागेज वायुयानमा लोड नगरेसम्म अनधिकृत हस्तक्षेप हुन नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सुरक्षा खानतलासी गरिएको होल्ड व्यागेजको सुरक्षामा कुनै अवरोध भएको शङ्का लागेमा त्यस्तो होल्ड व्यागेज वायुयानमा लोड गर्नु पूर्व पुनः सुरक्षा खानतलासी गर्नु पर्नेछ ।

(४) सुरु प्रस्थान विमानस्थलमा सुरक्षा खानतलासी भई र सुरक्षा खानतलासी भए देखि अनधिकृत हस्तक्षेप हुनबाट निरन्तर संरक्षण गरिएको भन्ने सुनिश्चित भएको अवस्थामा बाहेक ट्रान्सफर यात्रुको होल्ड व्यागेजको समेत उपनियम (१) बमोजिम सुरक्षा खानतलासी लिनु पर्नेछ।

२६. होल्ड व्यागेज ढुवानी सम्बन्धी व्यवस्था : (१) वायुसेवा सञ्चालक संस्थाले प्रत्येक एकम्पनाइड होल्ड व्यागेज वा अनएकम्पनाइड होल्ड व्यागेजको पहिचान गरी त्यस्ता व्यागेजको अद्यावधिक अभिलेख राखेर मात्र वायुयानबाट पठाउनु पर्नेछ।

(२) वायुसेवा सञ्चालक संस्थाले प्रस्थान गर्ने वायुयानमा नचढेका यात्रुका होल्ड व्यागेज सो वायुयानमा लोड नगर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनएकम्पनाइड होल्ड व्यागेजको हकमा त्यस्ता व्यागेजको पर्याप्त प्रमाण सहित पहिचान भएपछि नियम २५ बमोजिम सुरक्षा खानतलासी गरेर मात्र त्यस्तो व्यागेज वायुयानमा लोड गर्नु पर्नेछ।

(४) पहिचान नभएका होल्ड व्यागेजको सुरक्षात्मक व्यवस्थाको सम्बन्धमा प्राधिकरणबाट निर्धारित प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

२७. अनआइडन्टीफाइड व्यागेज सम्बन्धी व्यवस्था : (१) विमानस्थलमा अनआइडन्टीफाइड व्यागेज फेला परेमा विमानस्थलका सुरक्षाकर्मीले त्यस्तो व्यागेजलाई सुरक्षा सावधानीका साथ अलग्गै राखी नागरिक उड्डयन कार्यालयका प्रतिनिधिको रोहवरमा सुरक्षा जाँच गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सुरक्षा जाँच गरेपछि अनआइडन्टीफाइड व्यागेजमा निषेधित सामान वा सुरक्षा खतरा भएको वा प्रचलित कानून बमोजिम निषेधित अन्य वस्तु वा सामान रहेको पाइएमा विमानस्थल सुरक्षाकर्मीले त्यस्तो व्यागेज कब्जामा लिई आवश्यकता अनुसार नष्ट गर्न वा सम्बन्धित धनीको पहिचान गरी प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायको जिम्मा लगाउनेछ।

(३) उपनियम (१) बमोजिम सुरक्षा जाँच गरेपछि नागरिक उड्डयन कार्यालयले सम्बन्धित धनीको पहिचान गर्न तथा त्यस्तो व्यागेज लैजान लागेको वा विमानस्थलमा ल्याएको वायुयान तथा व्यक्तिको पहिचानको

लागि विमानस्थलमा आवश्यक सूचना जारी गरी विमानस्थलका वायुसेवा सञ्चालन संस्थालाई समेत जानकारी दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सूचना जारी गर्दा र जानकारी दिँदा पनि अनआइडन्टीफाइड व्यागेजको विषयमा कसैको दाबी पर्न नआएमा त्यस्तो व्यागेज नागरिक उड्डयन कार्यालयले आफ्नो कब्जामा लिई उपयुक्त व्यवस्थापन गर्नेछ।

२८. अनक्लेम्ड व्यागेज सम्बन्धी व्यवस्था : (१) हवाई मार्गबाट विमानस्थलमा आइपुगेको अनक्लेम्ड व्यागेज सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको जिम्मामा दिईनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनक्लेम्ड व्यागेज जाँच गर्दा त्यस्तो व्यागेजमा निषेधित सामान वा प्रचलित कानून बमोजिम निषेधित अन्य वस्तु वा सामान रहेको पाइएमा विमानस्थल सुरक्षाकर्मीले त्यस्तो व्यागेज कब्जामा लिई आवश्यकता अनुसार नष्ट गर्न वा प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायको जिम्मा लगाउनेछ।

२९. रेगुलेटेड एजेन्ट मार्फत कार्गो सामान स्वीकार गर्ने व्यवस्था मिलाउने : (१) वायुसेवा सञ्चालन संस्थाले आफ्नो वायुयानबाट ढुवानी गरिने कार्गो सामानहरू रेगुलेटेड एजेन्ट मार्फत स्वीकार गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

♦ तर रेगुलेटेड ऐजेन्टको व्यवस्था नभएसम्म कार्गो सामानको सुरक्षा खानतलासीको सुनिश्चितता गरी पठाउन सकिनेछ।

**स्पष्टीकरण** : यस नियमावलीको प्रयोजनको लागि "रेगुलेटेड एजेन्ट" भन्नाले हवाई कार्गो सम्बन्धी काम गर्न प्राधिकरणबाट प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरेको एजेन्ट सम्झनु पर्छ।

(२) वायुसेवा सञ्चालन संस्थाले रेगुलेटेड एजेन्टको सुरक्षा जाँच, सुरक्षित भण्डारण तथा ढुवानी सम्बन्धी सुरक्षा नियन्त्रणको पूर्ण प्रत्याभूतिको सुनिश्चितता गर्ने तथा त्यस्तो कार्यको नियमित रूपमा निरीक्षण तथा जाँच गर्ने व्यवस्था गर्नु पर्नेछ।

---

♦ पहिलो संशोधनबाट थप

३०. कार्गो, हुलाक वस्तु तथा अन्य सामानको सुरक्षा जाँच गर्ने : (१) वायुसेवा सञ्चालन संस्थाले कार्गो, हुलाक वस्तु तथा अन्य सामानहरू वायुयानमा लोड गर्नु पूर्व सुरक्षा उपकरणको प्रयोग गरी सुरक्षा जाँच वा खानतलासी गर्नु पर्नेछ।

**स्पष्टीकरण** : यस परिच्छेदको प्रयोजनको लागि "हुलाक वस्तु" भन्नाले कुरीयर सामान, एक्सप्रेस पार्सल तथा मेललाई समेत जनाउँछ।

(२) सुरक्षा उपकरण उपलब्ध नभएको कारण कार्गो, हुलाक वस्तु तथा अन्य सामानको उपनियम (१) बमोजिम सुरक्षा जाँच वा खानतलासी गर्न सम्भव नभएमा वायुसेवा सञ्चालन संस्थाले त्यस्तो कार्गो, हुलाक वस्तु तथा अन्य सामान दर्ता भएको चौबीस घण्टाको कुलिङ पिरियडमा राखी भन्सार जाँच सँगसँगै सुरक्षा निकायद्वारा नमूनाको रूपमा छड्के जाँच गराउने व्यवस्था गर्नु पर्नेछ।

(३) वायुसेवा सञ्चालन संस्थाले उपनियम (१) वा (२) बमोजिम सुरक्षा जाँच वा खानतलासी भई सकेका सामानहरू पूर्ण सुरक्षा नियन्त्रणमा रहने व्यवस्था मिलाउनु पर्नेछ।

३१. वायुयान क्याटरिङ सेवा उपलब्ध गराउन स्वीकृति लिनु पर्ने : (१) वायुसेवा सञ्चालन संस्थालाई क्याटरिङ सेवा उपलब्ध गराउन चाहने क्याटरिङ कम्पनी, होटल वा वायुसेवा सञ्चालन संस्थाले त्यस्तो सेवा उपलब्ध गराउन नागरिक उड्डयन सुरक्षा अधिकारीको स्वीकृति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम क्याटरिङ सेवा उपलब्ध गराउने स्वीकृतिको लागि नागरिक उड्डयन सुरक्षा अधिकारी समक्ष देहायका विवरण तथा कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :-

(क) क्याटरिङको सुरक्षा कार्यक्रम,

(ख) क्याटरिङको सुरक्षाको लागि कायम गर्ने व्यवस्था,

(ग) प्राधिकरणले तोकिदिएका अन्य कागजात तथा विवरण।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकबाट क्याटरिङको अनधिकृत हस्तक्षेप हुनबाट संरक्षण गर्न आवश्यक सुरक्षा नियन्त्रण, क्याटरिङ खाद्य पदार्थको भण्डारण, क्याटरिङ सामग्रीको सुरक्षा जाँच, क्याटरिङ भ्यानको वायुयानसम्म स्कर्टिङ लगायतका

प्रकृयाहरू सहित क्याटरिङ सामानबाट हवाई सुरक्षामा अनधिकृत हस्तक्षेप हुन नदिने पर्याप्त सुरक्षात्मक व्यवस्था हुन सक्ने देखिएमा नागरिक उड्डयन सुरक्षा अधिकारीले त्यस्तो क्याटरिङ कम्पनी, होटल वा वायुसेवा सञ्चालन संस्थालाई वायुयान क्याटरिङ सेवा सञ्चालनको स्वीकृति दिन सक्नेछ।

३२. क्याटरिङ सेवाको निरीक्षण गर्न सक्ने : (१) नागरिक उड्डयन सुरक्षा अधिकारी वा निजले तोकेको अधिकृतले नियम ३१ बमोजिम क्याटरिङ सेवा सञ्चालनको स्वीकृति पाएका क्याटरिङ कम्पनी, होटल वा वायुसेवा सञ्चालन संस्थाको क्याटरिङ सुरक्षा प्रावधानहरूको नियमित रूपले निरीक्षण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा क्याटरिङ सुरक्षा प्रावधानमा कुनै त्रुटि भएको देखिएमा निरीक्षण गर्ने अधिकारीले सम्बन्धित क्याटरिङ कम्पनी, होटल वा वायुसेवा सञ्चालन संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित क्याटरिङ कम्पनी, होटल वा वायुसेवा सञ्चालन संस्थाको दायित्व हुनेछ।

(३) उपनियम (२) बमोजिम दिएको निर्देशन कुनै क्याटरिङ कम्पनी, होटल वा वायुसेवा सञ्चालन संस्थाले पालना नगरेमा निरीक्षण गर्ने अधिकारीको सिफारिसमा नागरिक उड्डयन सुरक्षा अधिकारीले क्याटरिङ सेवाको स्वीकृति रद्द गर्न सक्नेछ।

(४) नियम ३१ बमोजिम क्याटरिङ सेवा उपलब्ध गराउन स्वीकृति प्राप्त क्याटरिङ कम्पनी, होटल वा वायुसेवा सञ्चालन संस्थाले कायम गरेको क्याटरिङ सुरक्षा कार्यक्रमका सुरक्षा प्रावधान र तिनको कार्यान्वयनमा सन्तुष्ट हुन नसक्ने कारण भएमा वा विद्यमान सुरक्षा खतराको अनुपातमा त्यस्ता सुरक्षात्मक प्रावधान पर्याप्त नहुने लागेमा नागरिक उड्डयन सुरक्षा अधिकारीले क्याटरिङ सेवा सञ्चालनमा थप सुरक्षा व्यवस्था लागू गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको थप सुरक्षा व्यवस्था अन्तर्गत क्याटरिङ परिसरमा सुरक्षा निकायको तैनाथी तथा क्याटरिङ सामानको प्याकिङ्ग, लोडिङ्ग, क्याटरिङ भ्यानको वायुयानसम्म स्कर्टिङ गर्ने लगायतका

काममा सुरक्षा निकायबाट गरिने अन्य व्यवस्थाहरू समावेश हुनेछन्।

३३. विशेष प्रकृतिका यात्रु सम्बन्धी सुरक्षात्मक प्रावधान : (१) प्रचलित कानून बमोजिम हिरासत वा थुनामा रहेका वा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिलाई वायुयानबाट यात्रा गराउनु परेमा नागरिक उड्डयन सुरक्षा अधिकारी वा निजले तोकेको अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम न्यायिक वा प्रशासनिक हिरासतमा रहेका वा मानसिक सन्तुलन ठीक नभएका कुनै व्यक्तिलाई वायुयानबाट यात्रा गराउने स्वीकृति प्राप्त भएमा सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले त्यस्तो व्यक्तिलाई यात्रा गराउनु भन्दा पर्याप्त समय अगावै वायुयानमा आवश्यक पर्ने उपयुक्त सुरक्षात्मक व्यवस्था मिलाउनको लागि वायुयानका मुख्य चालकलाई जानकारी गराउनु पर्नेछ।

३४. वायुयानबाट हातहतियार लैजाँदा कायम गर्नु पर्ने सुरक्षा व्यवस्था : (१) कुनै व्यक्तिले वायुयानबाट हातहतियार लैजान चाहेमा गृह मन्त्रालयबाट इजाजत लिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकेको विशिष्ट व्यक्तिको सुरक्षाको लागि विमानबाट हातहतियार लैजान आवश्यक भएमा त्यस्तो हातहतियार लिने सुरक्षाकर्मीले विमानस्थलमा खटिएका सुरक्षाकर्मीलाई आफूसँग हातहतियार रहेको जनाउ दिई त्यस्तो हातहतियार लैजान सक्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजत प्राप्त गर्नेले सो इजाजत र हातहतियारको विवरण सम्बन्धित नागरिक उड्डयन कार्यालय, वायुसेवा सञ्चालन संस्था तथा विमानस्थल सुरक्षा अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिमका व्यक्ति वा सुरक्षाकर्मीले वायुयानबाट हातहतियार लैजाँदा त्यस्तो हातहतियार कुनै पनि अवस्थामा वायुयानभित्र प्रयोग हुन नपाउने गरी हातहतियारबाट गोली निकाली वा अन्य आवश्यक व्यवस्था गरी वायुयानका मुख्य चालक वा निजले तोकेको वायुयान कर्मचारीको जिम्मामा रहने व्यवस्था गर्नु पर्नेछ।

(५) नेपालका विमानस्थलमा अवतरण गर्ने अन्य राष्ट्रका वायुसेवा सञ्चालन संस्थाले वायुयानभित्र हातहतियार सहितका व्यक्ति राख्नु पर्ने भएमा

यस नियमावली तथा प्रचलित अन्य कानून बमोजिम गृह मन्त्रालयबाट इजाजत प्राप्त गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम वायुयानभित्र हातहतियार लैजान पाउने व्यक्तिले आफ्नो नाम, थर, नागरिकता वा पासपोर्ट नम्बर, गन्तव्य, सिट नम्बर समेतका विवरण खुलाई वायुयानका मुख्य चालकलाई पूर्व जानकारी गराउनु पर्नेछ।

♥(७) कुनै वायुयानभित्र इनफ्लाईट सेक्युरेटी अफिसर राख्नु पर्ने भएमा सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको मुलुकको नागरिक उड्डयन सुरक्षा अधिकारीले नागरिक उड्डयन सुरक्षा अधिकारीलाई लिखित अनुरोध गरी पठाउनु पर्नेछ।

♦(८) उपनियम (७) बमोजिम अनुरोध भई आएमा नागरिक उड्डयन सुरक्षा अधिकारीले सिफारिस सहित गृह मन्त्रालयको स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

♦(९) उपनियम (८) बमोजिम लेखि आएमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आफ्नो राय सहित गृह मन्त्रालयमा स्वीकृतिको लागि लेखि पठाएमा औचित्य र सुरक्षा विश्लेशण समेतको आधारमा गृह मन्त्रालयले स्वीकृति दिन सक्नेछ।

३५. वायुयानभित्र शान्ति तथा व्यवस्था कायम गर्नु पर्ने : (१) उडानमा रहेको वायुयानभित्र शान्ति तथा व्यवस्था कायम राख्ने जिम्मेवारी वायुयानको मुख्य चालकको हुनेछ।

(२) उडानमा रहेको वायुयानभित्र शान्ति सुरक्षा तथा सुव्यवस्था कायम राख्ने कार्यमा वायुयानका मुख्य चालकले सहचालक, वायुयानका अन्य कर्मचारी तथा आवश्यकता अनुसार यात्रुको सहयोग लिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम वायुयानको मुख्य चालकले सहयोग मागेमा निजलाई सहयोग पुऱ्याउनु सहचालक, वायुयानका अन्य कर्मचारी तथा यात्रुको कर्तव्य हुनेछ।

---

♥ पहिलो संशोधनद्धारा संशोधित।

♦ पहिलो संशोधनबाट थप।

३६. हिरासतमा लिन सक्ने : (१) वायुयानभित्र कसैले ऐनको दफा ९क. बमोजिम कसूर हुने कुनै कार्य गरेमा मुख्य चालकको आदेशमा त्यस्तो व्यक्तिलाई उडान अवधिभर हिरासतमा राखी वायुयान गन्तव्यमा अवतरण गरेपछि अवतरित विमानस्थलको मुलुकलाई बुझाई दिनु पर्नेछ।

(२) उडानमा रहेको वायुयानभित्र नागरिक उड्डयन सुरक्षामा असर पर्ने कुनै कार्य नगर्न वा कुनै यात्रुलाई अनावश्यक हैरानी हुने कार्य नगर्न वायुयानको मुख्य चालक, सहचालक वा वायुयानका अन्य कर्मचारीले कुनै यात्रुलाई दिएको निर्देशन निजले पालना नगरेमा वा अटेरी गरेमा त्यस्तो व्यक्तिलाई नागरिक उडड्यन सुरक्षामा प्रतिकूल असर पारेको अभियोगमा उपनियम (१) बमोजिम हिरासतमा लिन सकिनेछ।

## परिच्छेद-८

# अनधिकृत हस्तक्षेपको प्रतिरोध तथा सुरक्षा व्यवस्था

३७. अनधिकृत हस्तक्षेपबाट सुरक्षाको व्यवस्था गर्ने : (१) नेपालका विमानस्थलमा अवतरण हुने वायुयानमा अनधिकृत हस्तक्षेप भएमा वा हुन सक्ने आशङ्का भएमा नागरिक उड्डयन सुरक्षा अधिकारीले त्यस्तो वायुयान अवतरण गरे पछि वायुयानको समुचित सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(२) वायुयानमा अनधिकृत हस्तक्षेपको सूचना प्राप्त गर्ने व्यक्तिले त्यस्तो वायुयान अवतरण गर्नु पूर्व विमानस्थल स्थित नागरिक उडड् यन कार्यालय तथा सुरक्षा निकायलाई तत्काल त्यसको जानकारी गराउनु पर्नेछ।

(३) अनधिकृत हस्तक्षेप हुन सक्ने आशङ्कामा रहेका वायुयानमा प्रयोग हुन सक्ने हातहतियार वा विस्फोटक पदार्थ वायुयानभित्र लुकाई छिपाई राखेको हुनसक्ने आशङ्का भएमा नागरिक उड्डयन सुरक्षा अधिकारीले वायुयानको सुरक्षा जाँच गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सुरक्षा जाँच गर्दा कुनै हातहतियार, विस्फोटक पदार्थ वा शङ्कास्पद सामान फेला परेमा नागरिक उडड्यन सुरक्षा अधिकारीले सुरक्षा निकायसँग समन्वय गरी त्यसलाई निष्कृय बनाउने व्यवस्था मिलाउनु पर्नेछ।

३८. यात्रु र वायुयान कर्मचारीको सुरक्षाको व्यवस्था गर्ने : (१) नागरिक उड्डयन सुरक्षा अधिकारीले अनधिकृत हस्तक्षेप भएको वायुयानमा रहेका यात्रु र वायुयान कर्मचारीको सुरक्षाको पर्याप्त उपायहरूको व्यवस्था मिलाउनु पर्नेछ।

(२) कुनै वायुयानको अनधिकृत हस्तक्षेप भएमा सम्बन्धित विमानस्थलले वायुयानमा रहेका यात्रु, वायुयान कर्मचारी तथा तत्कालीन परिस्थिति र औचित्य अनुसार त्यस्तो वायुयानलाई हवाई यातायात नियन्त्रण सेवा, हवाई पथ प्रदर्शन सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) अनधिकृत हस्तक्षेप भएको वायुयानलाई सम्भव भएसम्म नेपालमा प्रवेश गर्न र विमानस्थलमा अवतरण गर्न दिइने छैन।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विमानमा रहेका व्यक्तिको सुरक्षाको लागि तत्कालिन परिस्थिति हेरी त्यस्तो विमानलाई नेपालको विमानस्थलमा अवतरण गर्ने अनुमति दिन सकिनेछ। त्यसरी अवतरण गरेको वायुयानलाई छुट्टै पार्किङ (आइसोलेटेड पार्किङ) मा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(५) अपहरित कुनै वायुयान नेपालको विमानस्थलबाट प्रस्थान गरी अन्य मुलुकमा अवतरण गरेकोमा नागरिक उड्डयन सुरक्षा अधिकारीले सो मुलुकसँग सम्पर्क र समन्वय कायम गरी निरन्तर सूचनाको आदान प्रदान गर्नु पर्नेछ।

♦३८क. अनधिकृत हस्तक्षेप : कसैले देहायको कुनै कार्य गरेमा वा गर्न उधोग गरेमा अनधिकृत हस्तक्षेप गरेको मानिनेछ :–

(क) गैर कानुनी रुपमा वायुयान कब्जा गर्ने,

(ख) सेवामा रहेको वायुयान ध्वस्त गर्ने,

(ग) विमानस्थल वा वायुयानमा वन्धक वनाउने,

(घ) वायुयान, विमानस्थल वा विमानस्थल सम्वन्धी सुविधास्थल जवर्जस्ती घुसपैठ गर्ने,

(ङ) आपराधिक उद्देश्यका लागि विमान वा विमानस्थलमा हातहतियार तथा खतरनाक उपकरणको प्रवेश गराउने,

(च) ज्यान लिने, गम्भिर घाइते वनाउने अथवा गम्भिर रुपमा सम्पत्ति वा

♦ पहिलो संशोधनवाट थप।

वातावरण क्षति गर्ने उद्देश्यले सेवामा रहेको वायुयानको प्रयोग गर्ने,

(छ) गलत सूचनाको प्रवाह गरी उडान वा भूमिमा रहेको वायुयान वा विमानस्थल वा विमानस्थलका सुविधामा रहेका यात्रु, चालकदल, भूमिस्थ कर्मचारी वा सर्वसाधारण समेतको सुरक्षामा हानी पुऱ्याउने ।

३९. जानकारी गराउने : (१) नागरिक उड्डयन कार्यालयको हवाई यातायात नियन्त्रण सेवा (एयर ट्राफिक कन्ट्रोल सर्भिस) प्रदान गर्ने निकायले अनधिकृत हस्तक्षेप भएको वायुयान सम्बन्धी आवश्यक सबै सूचनाहरू सङ्कलन गरी उक्त वायुयानलाई हवाई यातायात नियन्त्रण सेवा उपलब्ध गराउने अन्य मुलुक, वायुयान प्रस्थान गरेको मुलुक तथा वायुयानको गन्तव्य मुलुकमा उपलब्ध गराउनु पर्नेछ ।

(२) नागरिक उड्डयन सुरक्षा अधिकारीले अनधिकृत हस्तक्षेप भएको वायुयान तथा तिनमा रहेका यात्रु र कर्मचारी समेतको सूचना देहायका मुलुकमा छिटो साधनद्वारा जानकारी गराउनु पर्नेछ :-

(क) वायुयान दर्ता गर्ने मुलुक,

(ख) वायुयान अवतरण गर्ने मुलुक,

(ग) वायुयानमा रहेका नागरिकको मुलुक,

(घ) अपहरणकारीद्वारा नियन्त्रणमा लिइएका नागरिकको मुलुक,

(ङ) मृत्यु भएका वा घाइते भएका नागरिकको मुलुक,

(च) अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन ।

४०. सूचनाको आदान प्रदान तथा प्रतिवेदन : (१) नागरिक उड्डयन सुरक्षा अधिकारीले वायुयानको अनधिकृत हस्तक्षेप अन्त्य हुनासाथ सुरक्षा प्रावधान लगायत वायुयान सम्बन्धी सबै सूचना यथाशक्य छिटो साधनद्वारा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनलाई जानकारी गराउनु पर्नेछ ।

(२) सम्बन्धित नागरिक उड्डयन कार्यालयले अनधिकृत हस्तक्षेप भएको वायुयान सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी प्राधिकरण मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा समितिमा पठाउनु पर्नेछ ।

४१. सङ्कटकालीन योजना बनाउनु पर्ने : नागरिक उड्डयन कार्यालयले वायुयानको अनधिकृत हस्तक्षेपको प्रतिरोध गर्न, वायुयानमा रहेका यात्रु तथा वायुयान कर्मचारीको सुरक्षामा कुनै हानि नोक्सानी हुन नदिन र हानि नोक्सानी हुने अवस्था सृजना भएमा त्यसलाई सकेसम्म न्यून गर्न अपनाइने उपाय, सो कामका लागि

जिम्मेवार निकाय र तिनको भूमिका तथा त्यस्तो काम कारबाहीको समन्वय तथा नियन्त्रण गर्ने विषय समेत समावेश गर्दा विमानस्थल सङ्कटकालीन योजना तयार गरी समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

## परिच्छेद-९

# नागरिक उड्डयन सुरक्षा सम्बन्धी कामको बाँडफाँट

४२. प्राधिकरणको जिम्मेवारी : नागरिक उड्डयन सुरक्षाको सम्बन्धमा प्रचलित कानूनमा भएको व्यवस्थाको अतिरिक्त प्राधिकरणको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) विमानस्थलस्थित सबै सुरक्षा निकाय बिच समन्वय गर्ने,

(ख) विमानस्थल निषेधित क्षेत्रको लागि प्रवेश पास जारी गर्ने तथा विमानस्थलमा कार्यरत नरहेका वा जिम्मेवारीबाट हटाईएका कर्मचारी वा व्यक्तिको विमानस्थल प्रवेश पास फिर्ता लिने व्यवस्था मिलाउने,

(ग) विमानस्थल सुरक्षाको लागि आवश्यक पर्ने सुरक्षा उपकरणहरूको पहिचान गर्ने, खरिद गर्ने, जडान गर्ने, सञ्चालन गर्न लगाउने, मर्मत सम्भार गर्ने तथा सुरक्षा उपकरणको विश्वसनियताको परीक्षण (क्यालिवरेशन) गर्ने,

(घ) सुरक्षा तारबार, पर्खाल, पोष्ट लगायत विमानस्थल सुरक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको व्यवस्था गर्ने,

(ङ) विमानस्थल सुरक्षा तालीम तथा सर्टिफिकेशन कोर्ष सञ्चालन गर्ने,

(च) नागरिक उड्डयन सुरक्षा विरुद्धका सम्भावित खतराको विश्लेषण गरी सुरक्षा कार्यक्रम परिमार्जन गर्न समितिमा सिफारिस गर्ने,

(छ) ऐनको दफा ९क. को उपदफा (१) को खण्ड (क) र (ख) विपरीत नेपालभित्र अनधिकृत प्रवेश गर्ने वा नेपालको भूभागबाट उडान गर्ने वायुयान वा नेपाली सेनाको एअर डिफेन्स क्लियरेन्स बिना नेपालमा प्रवेश गर्ने वायुयान उपर कारबाहीको लागि नेपाली सेनालाई अनुरोध गर्ने,

(ज) नागरिक उड्डयन सुरक्षा सम्बन्धी विषयमा आवश्यकता अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई जानकारी गराउने,

(झ) नागरिक उड्डयन सुरक्षाको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने ।

४३. राष्ट्रिय अनुसन्धान विभाग निगरानी शाखाको जिम्मेवारी : विमानस्थलमा कार्यरत राष्ट्रिय अनुसन्धान विभाग निगरानी शाखाको जिम्मेवारी देहाय बमोजिमको हुनेछ :-

(क) विमानस्थलमा सुरक्षा संवेदनशील तथा निषेधित क्षेत्रमा हुन सक्ने शङ्कास्पद गतिविधि बारे निगरानी राख्ने,

(ख) सम्बन्धित सुरक्षा निकायहरूसँग समन्वय गरी नागरिक उडड्यन सुरक्षामा प्रतिकूल असर पुऱ्याउन सक्ने गतिविधि सम्बन्धी जानकारी नागरिक उडड्यन कार्यालयलाई गराउने ।

४४. विमानस्थल सुरक्षा प्रहरीको जिम्मेवारी : विमानस्थल सुरक्षाको लागि खटिएका नेपाल प्रहरीको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) विमानस्थलको निषेधित क्षेत्रमा प्रवेश पास भएका व्यक्ति बाहेक अरुलाई अनधिकृत प्रवेश हुन नदिने तथा प्रवेश पास भएको व्यक्ति र निजसँग सम्बन्धित सामान तथा सवारी साधनको सुरक्षा जाँच लिने,

(ख) नागरिक उड्डयनको सुरक्षाको विरुद्ध प्रयोग हुन सक्ने निषेधित सामान वायुयान तथा विमानस्थलको निषेधित क्षेत्रमा जान नदिने,

(ग) अनधिकृत प्रवेश नियन्त्रण तथा सुरक्षा जाँच वा खानतलासी कार्यमा कुनै बाधा व्यवधान आउन नदिई विमानस्थल क्षेत्रको सुरक्षा गस्ती (प्याट्रोल) गर्ने,

(घ) आवश्यकता अनुसार सुरक्षा स्कर्टिङ गर्ने,

(ङ) विमानस्थल क्षेत्रको सुरक्षा निगरानीको व्यवस्था मिलाउने,

(च) सुरक्षाजाँच तथा खानतलासीको क्रममा निषेधित सामान वा त्यस्तो सामान ओसार पसार गर्ने व्यक्ति फेला परेमा नियन्त्रणमा लिई कानूनी कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा वा निकायमा पठाई सो को जानकारी सम्बन्धित नागरिक उडड्यन कार्यालयमा गराउने,

(छ) विमानस्थल सुरक्षा सम्बन्धी विषयमा नागरिक उड्डयन कार्यालयसँग आवश्यक समन्वय गर्ने,

♥(ज) विमानस्थल सुरक्षा समितिले औंल्याएका विमानस्थल सुरक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

---

♥ पहिलो संशोधनद्धारा संशोधित ।

४५. नेपाली सेनाको जिम्मेवारी : विमानस्थल सुरक्षाको लागि खटिएका नेपाली सेनाको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) नागरिक उड्डयन सुरक्षा विरुद्धको खतरामा वृद्धि भएमा खतराको प्रकृति अनुरुप समितिको निर्णय बमोजिम अतिरिक्त सुरक्षाको व्यवस्था गर्ने,

(ख) विमानस्थलको सुरक्षाको प्रतिकूल हुने गतिविधि वा अनधिकृत प्रवेशमा नियन्त्रण गर्ने,

(ग) विमानस्थलको चौबीसै घण्टा पालो पहराको व्यवस्था गर्ने,

(घ) विमानस्थलका सञ्चार तथा उड्डयन सहायक उपकरण, रेडियो डिटेक्सन एण्ड रेञ्जिङ (राडार), भिएचएफ ओम्निडिरेक्सनल रेञ्ज (भि.ओ.आर.), डिस्टेन्स मेजरिङ इकुइपमेन्ट (डि.एम.ई.), हवाई इन्धन डिपो, कन्ट्रोल टावर जस्ता संवेदनशील क्षेत्र वा विन्दुको सुरक्षा गस्ती गर्ने,

(ङ) विस्फोटक वा शङ्कास्पद वस्तुलाई सुरक्षित तवरले निष्कृय गर्ने,

(च) आपतकालीन अवस्थामा रहेको वा हराइरहेको वायुयानको खोज तथा उद्धार गर्ने,

(छ) विस्फोटक पदार्थको चेतावनी, विस्फोटक पदार्थको खतरा वा अन्य आपतकालीन अवस्थामा वायुयान तथा विमानस्थलमा विशेषज्ञ सहितको टोलीबाट विस्फोटक पदार्थ वा शङ्कास्पद सामान खोज तलास गर्ने,

(ज) अपहरित वायुयानको सुरक्षा र त्यसमा रहेका व्यक्तिको सुरक्षित रिहाईको लागि आवश्यक पर्ने सुरक्षा कोर्डन, सशस्त्र हस्तक्षेप लगायत आवश्यक अन्य कार्य गर्ने,

(झ) विमानस्थल सुरक्षा सम्बन्धी विषयमा नागरिक उड्डयन कार्यालयसँग आवश्यक समन्वय गर्ने,

(ञ) सुरक्षा सम्बन्धमा समितिले आवश्यक ठानेका अन्य कार्य गर्ने ।

४६. सशस्त्र प्रहरी बल, नेपालको जिम्मेवारी : विमानस्थल सुरक्षाको लागि खटिएको सशस्त्र प्रहरी बल, नेपालको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) नागरिक उड्डयन सुरक्षा विरुद्धको खतरामा वृद्धि भएमा खतराको प्रकृति अनुरुप समितिको निर्णय बमोजिम सुरक्षाको व्यवस्था गर्ने,

(ख) विस्फोटक वा शङ्कास्पद वस्तुलाई सुरक्षितपूर्वक निष्कृय पार्न नेपाली सेनालाई आवश्यक सहयोग गर्ने,

(ग) आपतकालीन अवस्थामा रहेको वा हराइरहेको वायुयानको खोज तथा

उद्धारमा नेपाली सेनालाई सहयोग गर्ने,

(घ) विस्फोटक पदार्थको चेतावनी, विस्फोटक पदार्थको खतरा वा अन्य आपतकालीन अवस्थामा वायुयान तथा विमानस्थलमा विशेषज्ञ सहितको टोलीबाट विस्फोटक पदार्थ वा शङ्कास्पद सामान खोज तलास गर्न सहयोग गर्ने,

(ङ) विमानस्थल सुरक्षा सम्बन्धी कार्य गर्दा नागरिक उड्डयन कार्यालयसँग आवश्यक समन्वय गर्ने,

(च) नागरिक उड्डयन सुरक्षा सम्बन्धमा समितिको निर्णय बमोजिम अन्य कार्य गर्ने ।

४७. विमानस्थल भन्सार कार्यालयको जिम्मेवारी : यात्रुको आवागमन तथा सामानको भण्डारण र भन्सार जाँचपासको क्रममा कसैले हवाई सुरक्षामा कुनै किसिमको प्रतिकूल प्रभाव पार्न सक्ने शङ्का लागेमा तत्काल विमानस्थल सुरक्षाको लागि खटिएको प्रहरी तथा सम्बन्धित नागरिक उडड्यन कार्यालयलाई जानकारी गराउनु विमानस्थल भन्सार कार्यालयको जिम्मेवारी हुनेछ ।

४८. विमानस्थल अध्यागमन कार्यालयको जिम्मेवारी : यात्रु अध्यागमन प्रक्रियाको क्रममा कसैले हवाई सुरक्षामा कुनै किसिमको प्रतिकूल प्रभाव पार्न सक्ने शङ्का लागेमा तत्काल विमानस्थल सुरक्षा प्रहरी तथा सम्बन्धित नागरिक उड्डयन कार्यालयलाई जानकारी गराउनु विमानस्थल अध्यागमन कार्यालयको जिम्मेवारी हुनेछ ।

४९. वायुसेवा सञ्चालन संस्थाको जिम्मेवारी : यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नागरिक उड्डयन सुरक्षाको सम्बन्धमा वायुसेवा सञ्चालक संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) वायुयानको सुरक्षाको निमित्त वायुयानभित्र प्रवेश नियन्त्रण गर्ने तथा वायुयान भित्र अवैध हातहतियार, विस्फोटक वा अन्य निषेधित सामान नभएको सुनिश्चित गर्ने,

(ख) सुरु उडान भर्ने वायुयान (ओरिजिनेटिङ एयरक्राफ्ट), ट्रान्जिट वायुयान र गन्तव्य स्थानमा पुगी फर्कने वायुयान (टर्न एराउण्ड) को लागि छुट्टा-छुट्टै सुरक्षा निरीक्षण जाँच सूची (चेक लिष्ट) तयार गरी वायुयानको सुरक्षा निरीक्षण गर्ने,

(ग) वायुयानमा चढ्ने यात्रु तथा वायुयानमा लोड हुने सबै सामानको सुरक्षा जाँच वा खानतलासी भएको सुनिश्चित गर्ने ।

♦(घ) विदेशी मुलुकको वायुसेवा सञ्चालक संस्थाको नेपाल स्थित कार्यालय वा साधारण विक्री प्रतिनिधि (जनरल सेल्स एजेन्ट) को कार्यालयमा काम गर्न कुनै विदेशी कामदार वा कर्मचारीको नियुक्ति गर्नु परेमा नियुक्ति गर्नु अघि प्रचलित कानून बमोजिम निजको सुरक्षा पृष्ठभूमि जाँच गराएर मात्र नियुक्ति गर्नुपर्ने ।

५०. विमानस्थलभित्र सेवा प्रदान गर्ने संस्थाको जिम्मेवारी : विमानस्थलभित्र सेवा प्रदान गर्ने संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) आ-आफ्नो कार्यालय वा कार्यक्षेत्रमा अनधिकृत प्रवेश रोक्ने र त्यसरी अनधिकृत प्रवेश रोक्न नसक्ने भएमा विमानस्थल सुरक्षाको लागि खटिएको सुरक्षाकर्मीलाई जानकारी गराउने,

(ख) विमानस्थल सुरक्षाको प्रतिकूल शङ्कास्पद गतिविधि वा व्यक्ति देखिएमा त्यसको निगरानी राखी विमानस्थल सुरक्षाको लागि खटिएको सुरक्षाकर्मीलाई तत्काल जानकारी गराउने,

(ग) विमानस्थल सुरक्षा सम्बन्धमा तथा विमानस्थल आपतकालीन अवस्थामा सम्बन्धित नागरिक उड्डयन कार्यालयका प्रमुखले मागेको सहयोग पुऱ्याउने ।

५१. जिम्मेवारी पूरा नगरेमा कारबाही हुन सक्ने : (१) कुनै वायुसेवा सञ्चालन संस्था, हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था, क्याटरिङ सेवा उपलब्ध गराउन स्वीकृति प्राप्त होटल वा संस्था वा विमानस्थलमा अन्य सेवा प्रदान गर्ने संस्थाले ऐन तथा यस नियमावली बमोजिमको जिम्मेवारी पूरा नगरेमा विमानस्थल सुरक्षा अधिकारीको सिफारिसमा नागरिक उड्डयन कार्यालयको प्रमुखले देहायको कुनै कारबाही गर्न सक्नेछ :-

(क) वायुयान सञ्चालन संस्थाको हकमा त्यस्तो संस्थाको कुनै उडान वा पूरै उडान रद्द गर्न,

(ख) हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको हकमा निज उपर कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन,

(ग) क्याटरिङ वा अन्य सेवा उपलब्ध गराउने संस्थाको हकमा त्यस्तो सेवामा रोक लगाउन वा क्याटरिङ सेवा प्रदान गर्न दिइएको स्वीकृति रद्द गर्न ।

(२) ऐन तथा यस नियमावली बमोजिम हवाई सुरक्षाको जिम्मेवारी पाएको कुनै कर्मचारीले आफ्नो जिम्मेवारी अनुरुप काम नगरेमा विमानस्थल

---

♦ पहिलो संशोधनबाट थप

सुरक्षा अधिकारीको सिफारिसमा नागरिक उड्डयन कार्यालयको प्रमुखले त्यस्तो कर्मचारीलाई विमानस्थल सुरक्षाको जिम्मेवारीबाट मुक्त गरी प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम भएको काम कारबाहीको जानकारी नागरिक उडड्यन कार्यालयको प्रमुखले यथाशीघ्र नागरिक उड्डयन सुरक्षा अधिकारीलाई गराउनु पर्नेछ।

## परिच्छेद-१०

# विविध

५२. अधिकार प्रत्यायोजन : (१) राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिका कुनै सदस्य, सदस्य-सचिव वा नागरिक उड्डयन सुरक्षा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) विमानस्थल सुरक्षा समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार विमानस्थल सुरक्षा समितिका सदस्य, सदस्य-सचिव वा विमानस्थल सुरक्षा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५३. निर्देशन दिन सक्ने : (१) नेपाल सरकारले नागरिक उड्डयन सुरक्षाको सम्बन्धमा समिति वा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु समिति वा प्राधिकरणको कर्तव्य हुनेछ।

५४. खारेजी र बचाउ : (१) हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ खारेज गरिएको छ।

(२) हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

# (नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

**राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रममा समावेश गर्नु पर्ने विषयहरू**

१. नागरिक उड्डयन सुरक्षा कार्यक्रमको उद्देश्य,

२. नागरिक उड्डयन सुरक्षा कार्यक्रममा रहेका शब्दावलीको आवश्यकता अनुसार परिभाषा,

३. नागरिक उड्डयन सुरक्षा कार्यक्रमको कानूनी आधार,

४. नागरिक उड्डयन सञ्चालनमा संलग्न विभिन्न निकायको नागरिक उड्डयन सुरक्षा सम्बन्धी जिम्मेवारी बाँडफाँट (एलोकेशन अफ रेस्पोन्सिविलिटि),

५. विभिन्न निकाय बिच सुरक्षा समन्वय तथा सञ्चार सम्बन्धी प्रावधान,

६. विमानस्थल, वायुयान तथा हवाई परिवहन (एयर नेभिगेशन) सुविधाको संरक्षण,

७. हातहतियार, विस्फोटक पदार्थ तथा अन्य निषेधित सामान वायुयानमा पुग्न नदिन व्यक्ति, सामान र सवारी साधनको सुरक्षा जाँच वा खानतलासी सम्बन्धी व्यवस्था तथा प्रकृया,

८. सुरक्षात्मक उपकरणको जडान, मर्मत तथा सम्भार सम्बन्धी व्यवस्था,

९. नागरिक उड्डयन सुरक्षा प्रकृयाहरूको कार्यान्वयनमा खटिने जनशक्ति सम्बन्धी व्यवस्था,

१०. विमान अपहरण, लगायत आपतकालीन अवस्थाको व्यवस्थापन,

११. राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गर्न आवश्यक पर्ने सर्वे, निरीक्षण, अडिट, अभ्यास तथा परीक्षण (टेस्ट) सम्बन्धी व्यवस्था,

१२. खतराको अनुपातमा नागरिक उड्डयन सुरक्षा कार्यक्रमको निर्धारण सम्बन्धी व्यवस्था,

१३. नागरिक उड्डयन सुरक्षाको लागि आवश्यक पर्ने वित्तीय व्यवस्था।

## अनुसूची-२

# (नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**विमानस्थल सुरक्षा कार्यक्रममा समावेश गर्नु पर्ने विषयहरू :**

१. विमानस्थल सुरक्षा कार्यक्रमको उद्देश्य,

२. विमानस्थल सुरक्षा कार्यक्रमको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मान्यताको निमित्त कार्यक्रमको कानूनी हैसियतको लागि आवश्यक पर्ने कानूनी स्रोतको उल्लेखन,

३. विमानस्थल सञ्चालनमा संलग्न नागरिक उड्डयन कार्यालय, सुरक्षा प्रहरी, भन्सार, अध्यागमन, वायुसेवा लगायत विभिन्न निकायको आ-आफ्नो कार्य प्रकृति अनुरुपको विमानस्थल सुरक्षा सम्बन्धी जिम्मेवारी,

४. नागरिक उड्डयन सुरक्षा कार्यक्रमको प्रावधानहरूको कार्यान्वयन तथा अनधिकृत हस्तक्षेपबाट विमानस्थलको संरक्षण सहित सुरक्षात्मक प्रावधानहरूको विमानस्थलस्थित निकायहरू बिचको समन्वय सम्बन्धी व्यवस्था,

५. नागरिक उड्डयन सुरक्षा कार्यक्रमका प्रावधान, नागरिक उड्डयन सुरक्षाका नीति, विमानस्थल सुरक्षाका विविध प्रकृयाहरूको विभिन्न निकायमा जानकारी गराउन आवश्यक सम्पर्क तथा सञ्चार प्रकृया,

६. विमानस्थलस्थित विविध सुविधा, विमानस्थल गतिविधि, विमानस्थलका निषेधित तथा संवेदनशील क्षेत्र लगायत विमानस्थलको विस्तृत विवरण,

७. विमानस्थल सुरक्षा उपायहरू (एयरपोर्ट सेक्युरिटी मेजर्स) :

    (क) निषेधित क्षेत्र तथा प्रवेश नियन्त्रण व्यवस्था,

    (ख) यात्रु, वायुयान कर्मचारी, सो कामका लागि खटाइएको कर्मचारी, आगन्तुक तथा ह्याण्ड व्यागेजको जाँच तथा खानतलासीको व्यवस्था,

    (ग) होल्ड व्यागेजको सुरक्षा खानतलासी सहितको सुरक्षा व्यवस्था,

    (घ) कार्गो सामानको सुरक्षा जाँच तथा खानतलासी सहित सुरक्षा व्यवस्था,

    (ङ) क्याटरिङको सुरक्षा नियन्त्रण,

    (च) वायुयानबाट ओसार पसार गरिने हातहतियार सम्बन्धी व्यवस्था,

(छ) वायुयानको सुरक्षा सम्बन्धी व्यवस्था,

(ज) सुरक्षा उपकरणहरूको व्यवस्था,

(झ) अनधिकृत हस्तक्षेपको मुकाविलाको निमित्त आवश्यक व्यवस्था,

(ञ) सुरक्षा प्रकृयाहरूको प्रभावकारी कार्यान्वयनको निमित्त कार्यान्वयनमा संलग्न जनशक्तिको तालीम सम्बन्धी व्यवस्था,

(ट) विमानस्थल सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको निमित्त आवश्यक सर्वे, निरीक्षण तथा परीक्षण,

(ठ) सुरक्षा उपाय सम्बन्धी अन्य आवश्यक व्यवस्था ।

## अनुसूची-३

# (नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

**वायुसेवा सञ्चालन सुरक्षा कार्यक्रम तथा तालीम कार्यक्रममा समावेश गर्नु पर्ने विषयहरू**

१. होल्ड व्यागेज, कार्गो, हुलाक वस्तु आदिको सुरक्षा,

२. वायुयानमा अनधिकृत प्रवेश नियन्त्रण,

३. वायुयानको आन्तरिक तथा बाह्य भागको सुरक्षा निरीक्षण,

४. सुरक्षा खतराको अवस्थामा वायुयान कर्मचारी (ककपिट तथा क्याविन कर्मचारी) ले अवलम्बन गर्नु पर्ने कार्यविधि,

५. यात्रु तथा ह्याण्ड व्यागेजको सुरक्षा जाँच तथा खानतलासीको सुनिश्चितता गर्ने सम्बन्धी कार्यविधि,

६. वायुयानको क्याविन तथा होल्डमा हातहतियार लैजान पाउने अवस्थामा यस्तो हातहतियार लैजान अपनाउनु पर्ने सुरक्षात्मक कार्यविधि,

७. विमानस्थलमा पार्क गरिएको वायुयानको सुरक्षा सम्बन्धी कार्यविधि,

८. वायुयान सञ्चालक सुरक्षा कार्यक्रमको कार्यान्वयनमा संलग्न कर्मचारी तथा अन्य कर्मचारीहरूको तालीम सम्बन्धी व्यवस्था,

९. वायुयानको अनधिकृत हस्तक्षेप भएको अवस्थामा वायुयानका मुख्य चालकले अपनाउनु पर्ने कार्यविधि तथा बुझाउनु पर्ने प्रतिवेदन सम्बन्धी प्रकृया,

१०. वायुयानमा बम थ्रेट भएको अवस्थामा वायुयानको खानतलासीको निमित्त वायुयानमा जुनसुकै बेलामा उपलब्ध हुनु पर्ने वायुयान जाँच चेक लिष्टको व्यवस्था,

११. न्यायिक वा प्रशासनिक हिरासतमा रहेका यात्रु विमानबाट यात्रा गराउँदा अवलम्बन गरिने सुरक्षात्मक व्यवस्थाहरू,

१२. वायुयानको ककपिटको ढोका जुनसुकै बेला पनि बन्द गर्ने व्यवस्था,

१३. वायुयान सञ्चालक सुरक्षा अधिकारीको व्यवस्था,

१४. समय समयमा समितिले निर्धारण गरिदिए बमोजिमका विषयहरू।

आज्ञाले,
**शंकरप्रसाद अधिकारी**
नेपाल सरकारको सचिव